# जिल्ला समन्वय समिति महासंघ नेपाल

(नेपाल सरकार, मन्त्रिपरिषदबाट स्विकृत ७७ वटै जिल्ला समन्वय समितिको प्रतिनिधि कार्यालय)

Association of District Coordination Committees of Nepal (ADCCN)


Ref. No.:- ७२-०८१-८२

Date :- ................
२०८२ असार २४ गते

## प्रेस बिज्ञप्ती

मिति २०८२/३/२४ गते विहान ३ बजेको समयमा, अविरल वर्षाको कारण रसुवा जिल्लाको गोसाइँकुण्ड २ स्थित टिमुरे र त्रिशुली नदी क्षेत्रमा आएको बाढीले जनधनमा ठुलो क्षति पुऱ्याएको छ ।

प्राप्त सूचनाको आधारमा हालसम्म प्रहरी, विदेशी नागरिक (चाइनीज) र नेपाली स्थानीय गरि १८ जना बेपत्ता भएको, रसुवागढी १११ जलविद्युत्त आयोजनामा ठूलो भौतिक क्षती पुग्न गएको जानकारी साथै नुवाकोटको विदुर नगरपालिका-१, त्रिशुली नदीको बीचमा फसेका पाल्देन तामाङ र उनकी श्रीमतीको नेपाली सेनाको हेलिकोप्टरमार्फत सफल उद्धार भएको छ ।

यता, भोटेकोशीमा आएको बाढीले रसुवागढीस्थित मितेरीपुल बगाएको छ । भन्सार क्षेत्रका गाडी, सामान र मानिसहरू समेत बगाएको आशंका छ । उक्त क्षेत्रहरुमा तत्काल उद्धारको खाँचो छ । जिल्ला समन्वय समिति महासंघ नेपालको तर्फबाट बाढी पिडित प्रति सहानुभुति ब्यक्त गर्दै राहत र उद्धारमा सरकारी सुरक्षा निकाय, जिल्ला बिपद ब्यवस्थापन समिति लगायत सबैमा आग्रह गर्दछौं ।

अविरल वर्षाको समयमा सचेतना तथा सूचना अदान प्रदान मार्फत क्षति कम गर्न सकिन्छ । पीडितहरूप्रति राहत र उद्धारमा सहयोग गर्न, सरकार र उद्धारकर्मीलाई साथ दिउँ । अहिले सम्मको सहयोगको लागी सेना, प्रहरी र उद्धारकर्मी प्रति जिल्ला समन्वय समिति महासंघको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौं ।

साथै तटिय क्षेत्र वरिपरी बसोवास गर्ने सम्पुर्ण नागरिकहरुलाई सुरक्षित र सतर्क रहन आग्रह गर्दछु ।

..........................................
अशोक कुमार घिमिरे
महासचिव


पत्राचार ठेगाना : बबरमहल, काठमाण्डौं, नेपाल, फोन: ५४५४०८१, फ्याक्स: ००९७७-१-५४४८४६९

Mailing Address:– BabarMahal, Kathmandu, Nepal, Phone: 5454081 Fax: 00977-1-5448469, E-mail: adccn@adccn.org.np; adccn77@gmail.com